नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# औषधि व्यवस्था विभाग

१७४८, मदन भण्डारी पथ-४
बिजुलीबजार, काठमाडौं ।

पत्र संख्याः-
चलानी नं.:-

अत्यन्त जरूरी

मितिः २०८३/०६/२९

## प्रेस विज्ञप्ति

'इम्युनोसप्रेसेन्ट ' (Immunosuppressant) वर्गका औषधिहरूको उत्पादन, आयात तथा दर्ता नियमनका सम्बन्धमा यस विभागबाट भएका पछिल्ला निर्णयहरूलाई लिएर हालै मिति २०८३/०६/२७ गते जारी सूचना उपर विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा सिर्जना भएको/हुन गएको भ्रम र अन्यौलप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

विश्व स्वास्थ्य संगठन (WHO) को अन्तर्राष्ट्रिय मापदण्ड WHO Technical Report Series, No. 957, Annex 3 को बुँदा २.२ तथा औषधिको गुणस्तर, सुरक्षा र Cross-Contamination (एक औषधिको असर अर्को औषधिमा पर्न सक्ने जोखिम) न्यूनीकरण गर्ने उद्देश्यले विभागले चालेका कदमहरू र वास्तविक वस्तुस्थिति सम्बन्धमा सम्पूर्ण बिरामी, आम नागरिक तथा सरोकारवालाहरूका लागि थप जानकारी सहित यो व्यहोरा प्रकाशित गरिएको छ :

### १. ४७ थरी औषधिको दर्ता खारेजी र बजारमा बिक्री-वितरणको स्थिति

**नयाँ उत्पादन र आयातमा मात्र रोक:**

तोकिएको समयभित्र जोखिम मूल्यांकन (Risk Assessment/QRM) कागजात पेश नगरेका वा तोकिएको मापदण्ड पूरा नगरेका ४७ थरी ब्रान्डका औषधिहरूको नयाँ उत्पादन, आयातमा रोक लगाईएको र तिनका प्रमाणपत्र मात्र खारेज हुनेछ ।

**हाल बजारमा रहेका औषधिको प्रयोग यथावत्: बजारमा पहिले नै भित्रिसकेका वा बिक्री-वितरणमा रहेका ती औषधिहरूको बिक्री-वितरण तथा प्रयोगमा कुनै रोक लगाइएको छैन।**

### २. बिरामीको हित र औषधिको निरन्तर आपूर्ति व्यवस्था

अभाव हुन नदिने सुनिश्चितताः अङ्ग प्रत्यारोपण गरेका तथा दीर्घकालीन बिरामीहरूले नियमित सेवन गर्नुपर्ने यी अति आवश्यक औषधिहरूको बजारमा कुनै पनि अभाव हुन नदिन र आपूर्ति शृङ्खलाको सन्तुलन कायम राख्न विभाग पूर्ण रुपमा प्रतिबद्ध छ।

**३ महिनाको विशेष अनुमति:**
जोखिम मूल्यांकन कागजात सन्तोषजनक रहेका उद्योग तथा आयातकर्ताहरूलाई आपूर्तिको सन्तुलन मिलाउन बढीमा तीन (३) महिनासम्मका लागि उत्पादन/आयात गर्ने अनुमति दिई प्रमाणपत्र नवीकरण गरिएको थियो ।

औषधि व्यवस्थापक

फोन : ०१-४७९०४३२, इमेल:info@dda.gov.np, dg@dda.gov.np वेभसाइट: www.dda.gov.np

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
औषधि व्यवस्था विभाग
१७४८, मदन भण्डारी पथ-४
बिजुलीबजार, काठमाडौं ।

पत्र संख्याः-
चलानी नं.:-

**३. वैज्ञानिक जोखिम मूल्यांकन र अन्तर्राष्ट्रिय मापदण्ड (WHO GMP)**

विभागले यी औषधिहरूलाई जोखिमका आधारमा Dedicated Facility मा उत्पादन गर्ने व्यवस्था लागू गरेको हो ।

गुणस्तर सुनिश्चितताका लागि वैज्ञानिक जोखिम मापदण्डहरू (QRM, Cleaning validation, dedicated HVAC, HBEL) पालना गराउने यो कदम शतप्रतिशत बिरामीको स्वास्थ्य सुरक्षा र उच्च गुणस्तर कायम राख्न अन्तर्राष्ट्रिय निकायहरूकै अभ्यास अनुसार नै चालिएको हो। यसमा सबैको सहयोगको अपेक्षा विभागले गरेको छ ।

**४. सरोकारवालासँग समन्वय र दायित्व**

विभागले नेपाल औषधि उत्पादक संघ (APPON), नेपाल औषधि आयातकर्ता संघ (MIAN), र नेपाल औषधि व्यवसायी संघ (NCDA) सँग निरन्तर समन्वय गरी बजारमा औषधिको सहज उपलब्धता सुनिश्चित गराइरहेको छ। यो निर्णय गर्नु अगाडि विभागले मिति २०८३/०१/१५ र मिति २०८३/०२/२१ मा नै सार्वजनिक सूचना जारी गरि जानकारी गराईसकिएको र यसलाई हाल आएर कार्यान्वयनको निर्णय गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

यो सूचना पश्चात् पनि कसैले विभागिय निर्णय विपरित **थप नयाँ उत्पादन गरेमा वा पैठारी गरेको पाईएमा** त्यस्ता औषधिहरूको प्रयोगबाट कहीं, कतै, कुनै व्यक्तिमा प्रतिकूल असर पर्न गएमा सोको सम्पूर्ण जिम्मेवारी औषधि प्रदान गर्ने/प्रयोग गराउने निकाय वा व्यक्तिले नै लिनुपर्ने भनी भनिएको हो ।

**हार्दिक अनुरोधः**

बजारमा इम्युनोसप्रेसेन्ट औषधिहरूको अभाव हुन सक्ने वा हाल बाजारमा बिक्री वितरणका लागि फार्मेसी / थोक बिक्रेतामा उपलब्ध रहेका ती वर्गका औषधिहरुको बिक्री वितरण बन्द गरिएको भन्ने भ्रामक तथा कपोलकल्पित समाचारको पछाडि नलाग्न विभाग सर्वसाधारण र बिरामी वर्गमा हार्दिक अनुरोध गर्दछ। बिरामीहरूले आफ्नो चिकित्सकको परामर्श अनुसार पहिले जसरी नै बजारमा उपलब्ध औषधि निरन्तर सेवन गर्न सक्नुहुनेछ।

विभाग बिरामीको जीवनरक्षा र गुणस्तरीय औषधिको निर्बाध आपूर्तिको लागि सदैव तत्पर र प्रतिबद्ध छ।

यस सम्बन्धमा कुनै समस्या वा थप जानकारी आवश्यक भएमा देहायबमोजिमका सम्पर्क नम्बरमा विभागका सूचना अधिकारी वा गुनासो सुन्ने अधिकारीसँग सम्पर्क गर्नु हुन समेत अनुरोध छ।

| | |
|---|---|
| निनु श्रेष्ठ | शम्भु शाह |
| सूचना अधिकारी | गुनासो सुन्ने अधिकारी |
| ९७४८३००१०९/ ९८५१४३१३३३ | ९८१५०५२७७१/ ९८५१४३०२२२ |

२०८३/०३/१४
व. औषधि व्यवस्थापक



फोन : ०१-४७९०४३२, इमेलः info@dda.gov.np, dg@dda.gov.np वेभसाइटः www.dda.gov.np